**...............(औषधी उत्पादक उद्योग ).........**

**................(ठेगाना).....................**

**र**

**............(स्टकिष्ट)..............**

**..............(ठेगाना)................**

**बीच भएको**

**औषधी खरिद बिक्री सम्बन्धीको**

# अधिकृत थोक बिक्रेता(Stockist)सम्झौता

.....................................मा दर्ता भई औषधी उत्पादन गर्ने स्वीकृति प्राप्त गरेको .............................स्थित कार्यालय रहेको ...........(औषधी उत्पादक उद्योगको नाम )...................... (यस पछि उद्योग भनिने छ),..........................................................१,

र

................मा दर्ता भएको...................(ठेगाना)..................स्थित कार्यालय रहेको ........................ ( फर्म/कम्मनीको नाम, ठेगाना, औषधी व्यवस्था विभागमा दर्ता नं) .....................(यस पछि स्टकिष्ट भनिनेछ) .............................................................................................१

का बीच भएको हो ।

औषधी उत्पादक उद्योगबाट उत्पादित औषधीहरु बजारमा बिक्रीका लागि स्टकिष्ट (थोक बिक्रेता) नियुक्त गरि सो बाट तोकिएको क्षेत्रमा उपभोक्ताहरुलाई बिक्री गर्न गराउने का लागी बिक्रेताले गरेको प्रस्ताव स्वीकृत गरि यस सम्झौताको अधिनमा रही उद्योगबाट उत्पादित औषधीहरु बजारमा बिक्री गर्न गराउनका लागी उद्योग र बिक्रेता मञ्जुर भएको हुँदा राजिखुसी मञ्जुरीका साथ देहायको सर्तहरु परिपालन गर्ने गरि यो सम्झौता गरिएको छ ।

**१. अन्य आवश्यक शर्त तथा व्यवस्थाहरु**

१.१ स्टकष्टिले निम्न वमोजिमका अध्यावधिक गरिएको प्रमाणपत्रहरुको प्रतिलिपि संझौता हुँदा वा संझौता नविकरण गर्दाका अवस्थामा उद्योगलाई उपलब्ध गराउनु पर्नेछ ।

क) कम्पनी/फर्म दर्ता प्रमाणपत्र

ख) स्थायी लेखा नम्बर (PAN) दर्त्ता प्रमाणपत्र

ग) संचालकको नागरिकता प्रमाणपत्र

१.२ स्टकष्टिले उद्योगको लिखित सहमति र मञ्जुरीको आधारमा सो को सिमा भित्र रहि रिटेलर अर्थात खुद्रा विक्रेतालाई कुनै वारेण्टीहरु गर्न वा दिन सक्ने छ ।

१.३ स्टकष्टिले आफ्नो मातहातका औषधी पसलहरुसंग कारोबार गर्दा नेपाल सरकारले तोकेको औषधी बिक्रि बितरण सम्बन्धी प्रचलित नियम, निर्देशन अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

१.४ स्टकष्टिले उद्योगको कारोबारको सन्र्दभमा उद्योगबाट दिइने निर्देशन, निर्देशिका तथा सुचनाहरुलाई पालना गर्नु पर्नेछ ।

१.५ उद्योगबाट लिखित निर्देशन नपाए सम्म उद्योगको कुनै पनि फिल्ड स्टाफहरुलाई स्टकिष्टले कुनै पनि किसिमको नगद वा जिन्सी भुक्तानी दिन सक्ने छैन । यदि दिएमा स्टकिष्ट स्वयं जिम्मेवार हुनेछ ।

१.६ उद्योगले माग गरेको बखत थोक बिक्रेताले औषधी लिए दिएको हिसाब मिलान गर्न लेखा बिवरण (Account Statement) पठाई सो को यकिन उद्योगले गर्नेछ । अन्यथा, उद्योगले पठाएको बिवरण नै मान्य हुनेछ ।

१.७ उद्योगले पठाएको औषधीको परिमाण बिक्री बिलमा उल्लेख गरिने छ । बिलमा उल्लेख औषधीको परिमाणमा घटि र बढि फेला परेको खण्डमा उद्योगको आधिकारिक व्यक्तिलाई कुनै पनि माध्यमबाट तुरुन्त जानकारी गराउनु पर्नेछ र सामान प्राप्त भएको दुई (२) दिन भित्र सामान घटि प्राप्त गरेको प्रमाण समेत जानकारी गराउनु पर्नेछ । यस्तो जानकारी लिखित रुपमा अनिवार्य रुपमा आउनु पर्दछ अन्यथा हानी नोक्सानीको जिम्मेवारी स्टकष्टि स्वयंको हुनेछ ।

१.८ यस भन्दा अघि स्टकिष्ट र उद्योग बिच भए गरेको सम्झोता वा लिखत यो सम्झौतामा हस्ताक्षर भए पश्चात स्वतः रद्द हुनेछ ।

**२.स्टकिष्टको जिम्मेवारी**

२.१ उद्योगबाट उत्पादित औषधीहरु उद्योगले तोकको क्षेत्र भित्रका सम्पुर्ण औषधी पसलहरुमा उपलब्ध गराउने प्रमुख जिम्मेवारी थोक बिक्रेताको हुनेछ ।

२.२ डाक्टरहरुको प्रेसक्रिप्शनहरुका आधारमा उपभोक्ताहरुबाट माग गरिने ओषधिहरु आफ्ना मातहातका खुद्रा पसलहरुमा सो औषधीहरु पुरयाउने जिम्मेवारी स्टकिष्टको हुनेछ ।

**३. तोकिएको क्षेत्र**

बिक्रेताले व्यापार र बिक्री गर्नु पर्ने क्षेत्र.................हुनेछ । प्रथम पक्षले आवश्यक ठानेमा अथवा बजार आपुर्तिमा कमी देखिएमा थप थोक विक्रेता नियुक्त गर्न सक्छ ।

कुनै अस्पतालको स्वास्थ्य केन्द्रमा उद्योगले सिधा सामान आपुर्ति गर्न कसैबाट कुनै अनुमति लिइने छैन् ।

**४. बिक्री बितरण र सप्लाई**

४.१ उद्योगले उपलब्ध गराउने औषधीहरु उपभोक्ताहरुलाई बिक्रि प्रयोजनको लागि आफ्नो उत्पादनहरुको मूल्य सुचि विक्रेतालाई उपलब्ध गराउनु पर्नेछ । समय समयमा मूल्य सूचिमा हुने संसोधनहरु समेत २४ घण्टा भित्र विक्रेतालाई गराउनु पर्नेछ । विक्रेताले मूल्य सुचिमा तोकेको बढाएर औषधी बिक्रि वितरण गर्न गराउन पाउने छैन । सो भए गरेमा निजलाई कानून वमोजिम कारवाही गरिने छ । सो गरेको खण्डमा निजलाई प्रचलित कानुन बमोजिम सम्वन्धित निकायले कार्वाही गर्न सक्नेछ ।

४.२ विक्रेताले उद्योगबाट खरिद गरेका औषधीहरु गोादामबाट पहिला मगाएको पहिला नै बेच्नु पर्ने आधारमा (First Come First Sale) खुद्रा बिक्री गर्नुपर्ने छ । त्यसो नगरेमा औषधीहरु बिक्री गर्दा हुने जाने नोक्सानी स्टकिष्ट स्वंले नै व्यहोर्नु पर्नेछ ।

४.३ उद्योगले औषधिहरुको सप्लाई आफ्नो सुविधा तथा औषधिको उपलब्धता अनुसार गर्नेछ । उद्योगले स्टकिष्टसंग गर्ने कारोबारको लागि आवश्यकता अनुसारको बैंक ग्यारेण्टी वा यस्तै प्रकारको अन्य उपयूक्त जमानी लिन सक्नेछ ।

४.४ स्टकिस्टले औषधीहरु उपभोक्ताहरुलाई खुद्रा (Retail) रुपमा विक्री वितरण गर्न पाउने छैन ।

४.५ औषधी उद्योगले स्वास्थ्य संघ/संस्था लाई सामान सीधा आपुर्ति गर्दा (Direct Supply) कसै संग अनुमति लिइने छैन ।

४.६ उद्योगले आफ्नो उत्पादन कुनै पनि संघ संस्था वा नेपाल सरकार वा अन्य कोहीलाई वितरण निशुल्क गर्ने गराउने भएमा सो प्रयोजनका लागि Free Distribution को छाप हुनु पर्नेछ ।

**५. ढुवानी र इन्सुरेन्स सम्बन्धमा**

५.१ उद्योगले स्टकिष्ट भएको स्थानमा उपलब्ध हुने ट्रान्सर्पोट सम्म माल पठाई दिनु पर्नेछ । उक्त ट्रान्सर्पोटबाट आफ्नो गोदाम सम्म ढुवानी गरी लैजाने लगायतका सम्पूर्ण जिम्मा स्टकिष्ट स्वयंको हुनेछ ।

५.२ उद्योगको फ्याक्ट्रीबाट ट्रान्सपोट सम्मको विमा लगायतको जिम्मेवारी उद्योगको हुनेछ भने सो पश्चातको सम्पूर्ण जिम्मा स्टकिष्टको हुनेछ ।

**६.कमिशन**

उद्योगबाट स्टकिष्टको लागि जारी गरिने मूल्य सुचिमा नै उल्लेख भए वमोजिमको कमिसन थोक बिक्रेताले प्राप्त गर्नेछ ।

७. **कार्यान्वयन सम्बन्धमा**

७.१ उद्योगबाट उत्पादित औषधीको प्रवर्धनका लागि बजारमा खटिएको बजार प्रतिनीधिहरु अर्थात् Medical Representative हरुबाट प्राप्त भएको सुझाव अनुसारको औषधी उद्योगबाट मगाई आफ्नो गोदाममा Stock गरी राख्नु पर्नेछ ।

७.२ उद्योगका प्रतिनिधी जुनसुकै बखत स्टकिष्ट समक्ष आएका माग (Demand) हरुका सम्वन्धमा निरिक्षण गर्न सक्नेछ । यस्तो अवस्थामा स्टकिष्टले उद्योगका प्रतिनीधिलाई सो को यर्थाथ जानकारी गराउनु पर्नेछ ।

**८ भुक्तानी सम्वन्धमा :**

८.१ स्टकिष्टले उद्योगलाई औषधीहरुको बिलहरुको भुक्तानी गर्दा टान्सर्पोट कुरियरको कन्साईन्मेन्ट नोटमा उल्लेख भएको मितिले......दिनमा गर्नु पर्नेछ । यस्तो भुक्तानी गर्दा उद्योगको नाममा रहेको बैंक खातामा नगद वा चेक द्वारा जम्मा गरेको बैंक भौचर वा उद्योगको नाममा खिचिएको ड्राफ्ट उद्योगमा पठाउनुपर्नेछ । यस्तो भौचर वा ड्राफट पठँउदा स्टकिष्टले आफनो लेटर हेडमा कुन बिलको लागि भुक्तानी पठाएको हो सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८.२ स्टकिष्टले नगद वा अग्रिम भुक्तानी पठाई औषधीहरु खरिद गर्न सक्नेछ । यस्तो खरिद Cash on Delivery (COD) प्रणाली अनुसार पनि गर्न सकिने छ । यस्तो खरिदमा स्टकिष्टले ........प्रतिशतको दरले अतिरिक्त नगद डिस्काउन्ट पाउनेछ । उक्त नगद डिस्काउन्ट उद्योगबाट त्यसपछिको बिक्री बिलमा समावेश गरि हिसाब मिलान गरिनेछ । साथै स्टकिष्टले पाउने कमिसनको हिसाव गरी निजले उद्योगलाई बुझाउनु पर्ने बिल रकममा हिसाव मिलान गर्ने गराईने छ ।

८.३ उद्योगले स्टकिष्टलाई उधारोमा बिक्रि गरेको औषधिको भुक्तानी तोकेको म्याद भित्र नगरेमा मासिक, वार्षिक ......प्रतिशतको दरले हर्जाना वापत उद्योगलाई क्षतिपूर्ति बुझाउनु पर्नेछ ।

**९. उत्पादन र स्टक सम्वन्धमाः**

९.१ उद्योगले आफनो उत्पादन स्टकिष्टबाट माग भए वमोजिम उपलब्ध गराउनु पर्ने भएकाले स्टकिष्टले आफ्नो क्षेत्रमा औषधिको निरन्तर पुर्ति गर्न आफ्नो मासिक बिक्रिको आधारमा प्रयाप्त स्टक आफ्नो गोदाममा राख्नु पर्नेछ ।

९.२ **स्टक तथा सेल्स स्टेटमन्ट** : स्टकिष्टले उद्योगलाई तथा उद्योगका बजार प्रतिनिधिहरुलाई मासिक स्टक तथा सेल्स स्टेटमेन्ट उपलब्ध गराउनु पर्नेछ । उद्योगलाई आवश्यक भएमा अन्य कागजातहरु जस्तै बिल समेत उपलब्ध गराउनु पर्नेछ ।

९.३ **नया प्रोडक्टहरु** : उद्योगबाट औषधीहरु नयाँ उत्पादन भएमा सो को जानकारी अनिवार्य रुपमा ७ दिन भित्र स्टकष्टिलाई गराउने जिम्मा उद्योगको हुनेछ ।

९.४ Near Expiry सामान, विक्री नहुने सामान छ महिना अगावै कम्पनी/उत्पादकलाई फिर्ता गरि Bulk / lot expiry को नभकासम्म हुनबाट दोस्रो पक्ष सचेत हुनुपर्ने ।

**१०. क्षतिपुर्ति र अन्य दावीः**

**१०.१ ब्रेकेज, लिकेज, स्पोइलेज :** औषधीहरु ओसार पोसार गर्दा हुने ब्रेकेज, लिकेज, स्पोइलेज कम से कम होस् भन्नाको लागि आवश्यक सावधानीहरु दुवै पक्षबाट अपनाउनुपर्नेछ । तथापि ब्रेकेज, लिकेज, स्पोइलेज भएमा स्टकिष्टले कुरियर वा अन्यबाट प्राप्त कन्साईन्मेन्टका आधारमा सो प्राप्त गरेको मितिले एक महिना भित्र उद्योगमा लिखित रुपमा सो को जानकारी गराउनु पर्नेछ ।

१०.२ **एक्सपाएरीको सम्बन्धमा** : स्टकिष्टले लिखित रुपमा औषधिमा लेखिएको एक्सपाइरी मिति भन्दा ४ महिना अगावै उद्योगलाई सो सम्वन्धमा खबर गरि सक्नु पर्नेछ । तथापि, स्टकष्टिले आवश्यक उपाय र कार्य गरेता पनि औषधीहरु एक्सपाएर भएको खण्डमा त्यस्ता एक्सपाएर औषधिको सम्पुर्ण विवरण अर्थात खरिद बिल, मिति, खरिद, लट नं, मुल्य, एक्सपाइरी मिति इत्यादि उल्लेख गरि उद्योगलाई पठाउनु पर्नेछ । एक्स्पायर भएको मितिबाट एक (१) वर्ष भित्रको दाबी (Claim) मात्र मान्य हुनेछ ।

१०.३ Claim बाट बोनस र डिस्काउन्ट घटाएर नेट रेटमा क्रेडिट नोट दिइनेछ ।

१०.४ उपरोक्त क्लेमहरु पठाँउदा उद्योगले अधिकार दिएको वा तोकेको बजार प्रबन्धक लगायतका स्टाफहरुको सही छाप गरि मात्र पठाउनु पर्नेछ । प्रकृया नपुगेको कुनै पनि क्लेमहरुलाई मान्यता दिन उद्योग बाध्य हुने छैन ।

**१२. उद्योगको बिशेष अधिकार**

१२.१ यस संझौतामा माथि जुन सुकै कुरा लेखिएको भए तापनि व्यापारको अवस्था हेरि उद्योगले कुनै पनि क्षेत्रमा एक वा एक भन्दा बढि स्टकिष्ट नियुक्त गर्न सक्नेछ ।

१२.२ व्यापारको अवस्था हेरि उद्योगले थोक बिक्रेताको एरिया र क्षेत्र थप घट गर्न सक्नेछ ।

१२.३स्टकिष्टिले यस सम्झौताको दफा ..७.१..मा उल्लेख भए अनुसार तोकिएको मितिमा भुक्तानी दिनु पर्ने बाकी बक्यौताहरु भुक्तानी नभएसम्म उद्योगले औषधी बिक्रि बितरण गर्नमा रोक्न लगाउनुका साथै उद्योगले दिई आएको औषधी मा समेत रोक लगाउन सक्नेछ ।

१२.४यस सम्झौताको दफा ..७.२.....अनुसार स्टकिष्टले भुक्तानी सम्बन्धि शर्तहरु पालना नगरेमा उद्योगले तोकिएको नगद डिस्काउन्ट दिन उद्योग बाध्य हुने छैन ।

१२.५बजार निरन्तर गर्ने योजना। ट्रेड स्कीमः कम्पनीको आधिकारीक फरमेटमा प्रबन्धकको सही/छाप भएको १०० प्रतिशत शर्त कार्यान्वयन भई सकेको स्कीम लाई मात्र प्रथम पक्षले मान्यता दिने छ ।

१२.६ औषधि प्रतिनिधी र स्टकिस्ट (थोक विक्रेता) वीच कम्पनीको आफ्नो पोलिसी बाहेक अरु कुनैपनि सम्झौता भयो भने कम्पन जिम्मेवार हुनेछैन ।

**१३ सम्झौताको अन्त्य**

१४.१ उद्योग र स्टकिष्टले करारको समयावधि अगावै जुन सुकै बखतमा पनि १ महिनाको अग्रिम सुचना दिई यो सम्झौता भंग गर्न सक्नेछ । यस्तो सुचना उद्योगको तर्फबाट भएको खण्डमा बिक्रि हुने अवस्थाका उद्योगको सम्पुर्ण औषधीहरु उद्योगले फिर्ता लिनु पर्नेछ । तर स्टकिष्टबाट प्राप्त यस्तो सुचनाको अवस्थामा भने स्टक फिर्ता लिनु पर्ने बाध्यता उद्योगलाई हुने छैन ।

१४.२ माथि संझौताको समयावधीका सम्वन्धमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योग र स्टकिष्ट बिचमा ३ महिना सम्म कुनै कारोबार नभएमा यो संझौता स्वतः खारेज भएको मानिनेछ ।

१४.३ स्टकिष्टले संझौताको कुनै पनि एक शर्तको उल्लघंन गरेमा कुनै पनि समय बिना सुचना उद्योगले सम्झौता रद्द गर्न सक्नेछ ।

१४.४ स्टकिष्टले प्रचलित कानुनले निषेध गरेको पेशा ,व्यवसाय वा व्यापारमा संलग्न भएको अवस्थामा तथा यस्तै प्रकारका अन्य कुनै पनि गैर कानूनी कार्यहरु स्टकिष्टले गरेको ठहर भएमासमेत जुन सुकै समयमा उद्योगले बिना सुचना सम्झौता रद्द गर्न सक्नेछ । यस्तो अवस्थामा उद्योगबाट लिएको सामानको पूरा भूक्तानीको जिम्मा स्टकिस्टको हुनेछ ।

१४.५ बार्षिक बन्दीमा हिसाव मिलान नभएमा

**१५ सम्झौताको संसोधन**

माथि उल्लेखित शर्त तथा वन्देजहरु दुवै पक्षको आपसि सहमती र समझदारीमा जुनसुकै वेला हेरफेर, थपघट, परिमार्जन वा संशोधन गर्न सकीने छ ।

**१६ सम्झौताको कार्यान्वयन र नविकरण सम्वन्धमा ।**

१६.१ यो सम्झौता मिति.....................देखि शुरु भई मिति......................मा समाप्त हुनेछ

१६.२ स्टकिष्टले सम्झौताको समयावधी सकिनलागेको १ महिना अगावै् सम्झौता नविकरण गरि सक्नु पर्नेछ । सम्झोता नविकरण नभएको तर संझौताको समयावधी समाप्त भएपछि पनि १ महिना सम्म निरन्तर कारोबार भई रहेको छ भने यो संझौता स्वतः नविकरण भएको मानिनेछ ।

**१७ विवाद समाधान ।**

सम्झौताको सर्न्दभमा दुई पक्षबीच कुनै विवाद उत्पन्न भएमा औषधी उत्पादक संघ (APPON) मा भएको मेलमिलाप कर्ताको माध्यमबाट आपसी समझदारीमा समस्याको समाधान गरिनेछ र सो अनुसार विवाद समाधान नभएमा कानुन बमोजिम मध्यस्थता द्धारा समाधान गरिने छ ।

यस संझौताका पक्षहरुले निम्न लिखित साक्षीहरुको रोहवरमा यो संझौतामा हस्ताक्षर गरी एक-एक प्रतिलिपी दियौं ।

| **उद्योगको तर्फबाट** | **स्टकिष्टको तर्फबाट** |
| --- | --- |
| दस्तखतः | दस्तखत |
| नामः | नामः |
| पद : | पद : |

**साक्षी**

इति सम्वत्.................साल......महिना ........गते....रोज.....शुभम्..................................................